प्रदेश सरकार
लुम्बिनी प्रदेश
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
मुकामः बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

# सीप विकास तालिम तथा वस्तुगत सहयोगको लागि प्रस्ताव आह्वानको सूचना

(पुनः सूचना प्रकाशित मिति : २०७७/१२/१०)

यस मन्त्रालयको आ.व. २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार दाङ्ग, बाँके र बर्दिया जिल्लाका स्थानीय तहहरूमा गरिबी न्यूनीकरणका लागि तपसिल अनुसारका तालिम कार्यक्रम सञ्चालन हुने भएकोले उक्त तालिममा सहभागी भई वस्तुगत अनुदान समेत प्राप्त गर्न चाहने लक्षित वर्ग (मुक्तकमैया, हलिया, दलित कम्लहरी, भूमिहीन, विपन्न) ले परिवारका सदस्यको नाममा पहाडको हकमा ३ (तीन) रोपनी र तराईको हकमा ५ कठ्ठाभन्दा कम जग्गा जमिन भएको, परिवारको कुनै सदस्य सरकारी वा अन्य कुनै संगठित संस्थामा रोजगार नभएको, कुनै पेशा व्यवसायबाट हुने पारिवारिक मासिक आम्दानी रू. १०,०००।- भन्दा कम भएको वा नेपाल सरकार घरधुरी सर्वेक्षणमा अति गरिब वर्गको प्रमाण-पत्र पाएको परिवारका सदस्यहरूले लक्षित वर्गको परिचय-पत्र सहित "गरिवी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" को अनुसूचि-६ अनुसारको फारम भरी ७ दिनभित्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुहुन सूचना प्रकाशित गरिएकोमा हालसम्म पनि सबै स्थानीय तहबाट प्राप्त नभएकोले पुनः सूचना प्रकाशित गरिएको छ। सम्बन्धित स्थानीय तहहरूलाई आफ्नो स्थानीय तहमा प्राप्त निवेदकहरूको निवेदनमध्येबाट प्राथमिकता क्रमानुसारको नामावली गाउँ कार्यपालिकाको कार्यालयमा जम्मा गरी सिफारिस सहित मन्त्रालयको गरिवी निवारण शाखाको ईमेल ठेगाना **garibilumbini@gmail.com** मा पठाईदिनुहुन समेत यसै पुनः सूचना मार्फत अनुरोध गरिएको छ।

तपसिलः

| सि.नं. | सीप विकास तालिमका क्षेत्रहरू |
|---|---|
| १. | सिकर्मी तथा फर्निचर सम्बन्धी तालिम |
| २. | डकर्मी तथा रङ्गरोगन सम्बन्धी तालिम |
| ३. | प्लम्बर सम्बन्धि तालिम |
| ४. | कपाल काट्ने तालिम |
| ५. | जुस, जाम, जेली, अचार आदि उत्पादन तथा प्रशोधन सम्बन्धि तालिम |
| ६. | कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत सम्बन्धि तालिम |
| ७. | च्याउ खेती सम्बन्धी तालिम |
| ८. | कुखुरा/हाँस पालन सम्बन्धि तालिम |
| ९. | मौरीपालन सम्बन्धि तालिम |

स्थानीय तहले विवरण पठाउने ढाँचाः

| क.सं. | स्थानीय तहको नाम, वडा नं. र जिल्ला | सिफारिस भएका व्यक्तिको नाम थर | ठेगाना | आवेदकको प्राथमिकता अनुसार सहभागीताको लागि सिफारिस गरिएको सूचनामा उल्लेखित तालिममध्ये एक तालिमको नाम |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

**नोट** : थप जानकारीको लागि मन्त्रालयको सहकारी तथा गरिवी निवारण शाखा (फोन नं.०७१-५४००५६) मा सम्पर्क गर्न सकिने छ।